आज मिति २०७७।०१।२८ गते प्रमुख जिल्ला अधिकारी श्री मदन भुजेलज्यूको अध्यक्षतामा COVID-19 संक्रमण जोखिम नियन्त्रणका सम्बन्धमा कोभिड-१९ संकट व्यवस्थापन समिति (CCMC) को वैठक बसि तपशिल बमोजिमको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो ।

**उपस्थिति (CCMC सल्लाहकार समिति) :**

| | |
|---|---|
| (१) प्रमुख | श्री नरेश पोखरेल, जिल्ला समन्वय समिति, मोरङ्ग |
| (२) प्रमुख | श्री भिम पराजुली, विराटनगर म.न.पा., मोरङ्ग |
| (३) प्रमुख | श्री ज्ञानेन्द्र सुवेदी, वेलवारी न.पा., मोरङ्ग |
| (४) प्रमुख | श्री शिव प्रसाद ढकाल, सुन्दरहरैंचा न.पा., मोरङ्ग |
| (५) प्रमुख | श्री दिलिप अग्रवाल, रंगेली न.पा., मोरङ्ग |
| (६) अध्यक्ष | श्री तारा वहादुर काफ्ले, कानेपोखरी गा.पा., मोरङ्ग |

**उपस्थिति (CCMC जिल्ला समिति)**

| | |
|---|---|
| (१) प्रमुख जिल्ला अधिकारी | श्री मदन भुजेल, जिल्ला प्रशासन कार्यालय, मोरङ्ग |
| (२) जिल्ला समन्वय अधिकारी | श्री ध्यान कुमार थापा, जिल्ला समन्वय समितिको कार्यालय, मोरङ्ग |
| (३) प्रमुख सेनानी | श्री रघुनाथ पौडेल, सूर्यदल गण, थलाहा व्यारेक, मोरङ्ग |
| (४) प्रहरी उपरीक्षक | श्री विश्व अधिकारी, जिल्ला प्रहरी कार्यालय, मोरङ्ग |
| (५) सशस्त्र प्रहरी उपरीक्षक | श्री नेत्र वहादुर कार्की,स.प्र.वल नेपाल नं.३गण हे.क्वा.कंकालिनी, मोरङ्ग |
| (६) उप अनुसन्धान निर्देशक | श्री टिका प्रसाद पोखरेल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, मोरङ्ग |
| (७) मेडिकल सुपरिटेण्डेण्ट | श्री डा.संगिता मिश्रा, कोशी अस्पताल, विराटनगर |
| (८) स.प्र.जि.अ. | श्री ध्रुव वहादुर खड्का, जिल्ला प्रशासन कार्यालय, मोरङ्ग |
| (९) स.प्र.जि.अ. | श्री मुकेश कुमार केशरी, जिल्ला प्रशासन कार्यालय, मोरङ्ग |
| (१०) प्रमुख | श्री ज्ञान वहादुर वस्नेत, स्वास्थ्य कार्यालय, विराटनगर |

(११) प्रमुख प्रशासकीय अधिकृत कानेपोखरी गा.पा. — पुरुषोत्तम कोइराला

[illegible] १४ [illegible] — [illegible]

**नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७७।१।२४ को निर्णय वमोजिम लकडाउनलाई व्यवस्थित र प्रभावकारी वनाउने सम्बन्धी जिल्लास्तरिय COVID-19 Crisis Management Centre (CCMC) को निर्णय ।**

**(क) कृषि तथा पशुपन्छी सम्बन्धी :**

१. खाद्य वस्तु र अन्य बाली लगाउने तथा पाकेको वाली भित्र्याउने कार्य नियमित रुपमा सञ्चालन गर्ने ।

२. पशुपन्छी पालन, माछा पालन, कुखुरा पालन तथा विक्री वितरण, माछा मासुको विक्री वितरण - दैनिक विहान ६:०० बजेदेखि १०:०० बजेसम्म सञ्चालन गर्ने ।

३. फलफूल, तरकारी, दूध र दुग्धजन्य पदार्थको उत्पादन, संकलन, भण्डारण : नियमित र विक्री वितरण : विहान ६:०० बजेदेखि १०:०० बजेसम्म संचालन गर्ने ।

४. नर्सरीबाट विरुवाको उत्पादन, घाँस तथा दाना उत्पादन : नियमित र विक्री वितरण : विहान ६:०० बजेदेखि १०:०० बजेसम्म संचालन गर्ने ।

५. कृषि विउविजन उत्पादन, भण्डारण : नियमित र विक्री वितरण : विहान ६:०० बजेदेखि १०:०० बजेसम्म संचालन गर्ने ।

६. शीत भण्डारण ।

**(ख) स्वास्थ्य सेवा सम्बन्धी :**

१. सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्थाहरु, अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक, ल्याब, डाइग्नोष्टिक सेन्टरहरु, सबै प्रकारका खोप लगायतका अत्यावश्यक सेवाहरुको संचालन - नियमित रुपमा सञ्चालन गर्ने ।

२. औषधि तथा स्वास्थ्य सामग्री र मेडिकल अक्सिजनको उत्पादन तथा बिक्री वितरण - नियमित सञ्चालन गर्ने ।

३. औषधी पसलहरु (आयुर्वेद, होमियोप्याथिक समेत) को संचालन - नियमति सञ्चालन गर्ने ।

४. एग्रोभेट र भेटेरिनरी औषधी पसलहरुको सञ्चालन र तत् सम्बन्धी सेवा - नियमति संचालन गर्ने ।

(ग) जनक शिक्षा सामग्री केन्द्र लिमिटेड पाठयपुस्तक विक्रीको अनुमति लिएको पुस्तक पसल संचालन - विहान ६:०० बजेदेखि १०:०० बजेसम्म ।

**(घ) ढुवानी सेवा सम्बन्धीः.**

ढुवानी सेवाका साधनहरुलाई निसंक्रमित (Disinfected) गरी निसंक्रमण गर्ने निकायले जारी गरेको निस्सा साथमा राखी चालक तथा परिचालकको स्वास्थ्य जाँच सम्बन्धित भन्सार विन्दु र उद्योग प्रतिष्ठानहरुमा गर्ने व्यवस्था मिलाई देहायका ढुवानीका साधनहरु गन्तव्य स्थलसम्म आवतजावत गर्न दिने:

१. माथिको खण्ड (क) र (ख) मा उल्लिखित सबै प्रकारका वस्तु तथा सेवामा प्रयोग हुने ढुवानीका साधनहरु - नियमित संचालन गर्ने ।

२. भन्सारबाट जाँचपास भई आएका जुनसुकै समय, उद्योग प्रतिष्ठानबाट लोड लिई मालसामान बोकेका सवारी साधन वेलुकी ८:०० बजेदेखि विहान ६:०० बजेसम्म र मालसामान गन्तव्यमा पुऱ्याई फर्केका ढुवानीका साधनहरुलाई समय बन्देज नलाग्ने ।

३. पानी, ग्याँस, पेट्रोलियम पदार्थ बोकेका ढुवानीका साधनहरु - नियमित सञ्चालन गर्ने ।

४. औद्योगिक कच्चा पदार्थहरु र तयारी मालवस्तु बोकेका ढुवानीका साधनहरु - बेलुका ८:०० बजेदेखि बिहान ६:०० वजेसम्म संचालन गर्ने ।

५. विकास आयोजनामा प्रयोग हुने उपकरणहरु लाने र ल्याउने कार्य र निर्माण सामग्रीहरु बोकेका ढुवानीका साधनहरु - बेलुका ८:०० बजेदेखि बिहान ६:०० बजेसम्म सञ्चालन गर्ने ।

६. कृषि सामग्री, रासायनिक एवं प्राङ्गारिक मल बोकेका ढुवानीका साधनहरु - नियमित सञ्चालन गर्ने ।

७. एम्बुलेन्स सेवा - नियमित संचालन गर्ने ।

८. विद्यालयका पाठ्यपुस्तकको ढुवानी गर्ने प्रयोजनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट अनुमति लिएका ढुवानीका साधनहरु - नियमित संचालन गर्ने ।

९. एम्बुलेन्स दुरुपयोग गर्नेलाई कारवाही गर्ने ।

१०. अत्यावश्यक कामका लागि दिइने सवारी साधनको पास न्यूनतम संख्यामा जारी गर्ने ।

**(ङ) विकास आयोजना सम्बन्धी :**

१. राष्ट्रिय गौरवका आयोजनाहरु, सरकारी तथा निजीस्तरबाट सञ्चालित जलविधुत आयोजना, सिंचाइ आयोजना, खानेपानी आयोजना, विमानस्थल, सडक तथा पुल, सरकारी भवन निर्माण तथा प्रबलीकरण र एक स्थानमा एकपटकमा अधिकतम १० (दश) जनामा नबढ्ने गरी सञ्चालन गरिने अन्य सहरी पूर्वाधार विकास निर्माणका कामहरु ।

२. प्रकरण (१) का आयोजनाहरुमा काम गर्ने श्रमिकहरुलाई सम्बन्धित आयोजनाले दैनिक रुपमा अनिवार्य स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाई एकै स्थानमा आवासको व्यवस्था गर्ने । श्रमिकहरुलाई कार्यस्थलमै खानारखाजाको व्यवस्था मिलाउने । स्थान अभाव भएमा स्थानीय निकायको समन्वयमा सम्बन्धित वडाभित्रका सार्वजनिक सामुदायिक भवन वा सरकारी तथा निजी विद्यालय वा खाली स्थानमा स्थानीय व्यक्तिहरुसँग सम्पर्क नहुने गरी सुरक्षित आवासको व्यवस्था गर्ने । खर्च सम्बन्धित निर्माण व्यवसायीले व्यहोर्ने ।

३. नदीजन्य तथा खोलाजन्य पदार्थको उत्पादन, संकलन र ढुवानी सम्बन्धी कार्य - विहान ६:०० बजेदेखि वेलुकी ५:०० बजेसम्म संचालन गर्ने ।

४. विकास निर्माण सामग्रीहरुको उत्पादन, संकलन र ढुवानी सम्बन्धी कार्य - उत्पादन र संकलन बिहान ७:०० बजेदेखि बेलुका ६:०० बजेसम्म गर्ने र ढुबानी खेलुका ८:०० वजेदेखि बिहान ६:०० बजेसम्म गर्ने ।

५. सिमेन्ट उद्योगका लागि खानी सञ्चालन लगायत आवश्यक चुनढुंगा, कोइला, क्लिङ्करको उत्पादन, संकलन र ढुवानी सम्बन्धी कार्य - ढुवानी बेलुका ८:०० बजेदेखि बिहान ६:०० बजेसम्म सञ्चालन गर्ने ।

६. नदी नियन्त्रणका कार्यहरु - नियमित सञ्चालन गर्ने ।

७. आवास स्थलदेखि निर्माण स्थलसम्म श्रमिकहरुलाई सुरक्षित आवतजावत गर्न स्वास्थ्य मापदण्ड पालना गरी निर्माण व्यवसायीले परिवहनको व्यवस्था मिलाउने ।

**(च) सार्वजनिक सेवा सम्बन्धीः**

१. बैंक तथा वित्तीय संस्था, बीमा, धितोपत्र, सहकारी मार्फत अति आवश्यकीय सेवा प्रवाह गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने कर्मचारीमध्ये एक तिहाई कर्मचारीद्वारा सेवा सञ्चालन गर्ने ।

२. अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरुमा अति आवश्यक गर्ने न्यूनतम कर्मचारीहरुलाई आलोपालो मिलाई तोकिएका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनुशरण गरी कार्यालय सञ्चालन गर्ने ।

३. अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालयका लागि सम्बन्धित मन्त्रालयको सचिव र अन्य निकायहरुको लागि सम्बन्धित निकायको प्रमुखको सिफारिसमा नियामक निकाय त्यस्ता कार्यालयमा रहेको कुल सवारी साधनहरु मध्ये एक चौथाई संख्यामा नबढ्ने गरी सवारी पास उपलब्ध गराउने ।

**(छ) औधोगिक उत्पादन सम्बन्धी :**

यस अवधिभर उत्पादन प्रकियामा संगठन श्रमिक कामदारलाई उद्योग प्रतिष्ठानले छुटै स्थानमा राख्ने बन्दोबस्त मिलाई काममा लगाउने । आफ्नो प्रतिष्ठानभित्र पर्याप्त स्थान नभएमा उक्त प्रतिष्ठान रहेको स्थानीय निकायको समन्वयमा सम्बन्धित वडाभित्रका सार्वजनिक सामुदायिक भवन वा सरकारी तथा निजी विद्यालय वा खाली स्थानमा स्थानीय व्यक्तिहरूसँग सम्पर्क नहुने गरी सुरक्षित आवास तथा खानारखाजाको व्यवस्था गर्ने। यस सम्बन्धी खर्च सम्बन्धित उद्योग प्रतिष्ठानले व्यहोर्ने। आवासस्थलदेखि उद्योग प्रतिष्ठान रहेको स्थानसम्म श्रमिकहरुलाई स्वास्थ्य मापदण्ड पालना गरी सुरक्षित परिवहनको व्यवस्था मिलाउने। उद्योगहरुले कार्यस्थललाई अनिवार्य रूपमा स्यानिटाइजेसन गर्ने र नियमित स्वास्थ्य जाँच तथा स्वास्थ्य सुरक्षाको सुनिश्चितता गरी देहायका उद्योग व्यवसायहरु सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

१. चामल, दाल, तेल, चिउरा चीनी, विस्कुट पाउरोटी, पिठो, चाउचाउ जस्ता दैनिक उपभोग्य खाद्यवस्तु, पानी प्रशोधन, औषधी, स्वास्थ्य सामग्री, साबुन उत्पादन र सोको प्याकेजिङ सामग्री उत्पादन गर्ने उद्योगहरु ।

२. ग्याँस बोटलिङ, घरेलु तथा साना उद्योगहरु, निर्यातजन्य र विशेष आर्थिक क्षेत्रमा सञ्चालित उद्योगहरु र सिमेन्ट, डण्डी जस्ता निर्माणजन्य उद्योगहरु ।

३. बढीमा १ जनासम्म कामदार रहने गरी सवारी साधनहरुको मर्मत गर्ने वर्कशप, इन्टरनेट जडान र मर्मत, प्लम्बिङ तथा इलेक्ट्रिकल सेवा र पेट्रोल पम्प सञ्चालन ।

४. उल्लेखित उद्योगहरु संचालन गर्न जिल्ला प्रशासन कार्यालयबाट अनुमति लिनु पर्ने ।

(ज) **राजमार्गका होटल तथा रेष्टुरेन्ट सम्बन्धीः**

राजमार्ग तथा सहायक राजमार्गका कम्तिमा ५० (पचास) किलोमिटर दुरी अन्तरमा सम्बन्धित स्थानीय तहले तोकेका स्थानमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वीकृत गरेको मापदण्ड अबलम्बन गरी खानाको प्याकेट विक्री गर्ने गरी सुन्दरहरैंचा न.पा., रंगेली न.पा. र विराटनगर म.न.पा.को उपयुक्त स्थानमा सम्बन्धित पालिकाबाट होटल संचालन गर्ने व्यवस्था मिलाउने । राजमार्ग र सहायक राजमार्गमा संचालन हुने सवारी साधनहरु उपर्युक्त वमोजिम निर्धारित समय र स्थानमा मात्र रोक्ने व्यवस्था गर्ने ।

(झ) **व्यवस्थापकीय कार्य सम्बन्धी :**

सम्बन्धित रोजगारदाता, स्थानीय तह, सेवा प्रदायक, स्थानीय प्रशासनले आवागमन सहजीकरण गर्ने, सामाजिक दुरी कायम गर्ने अनिवार्य रूपमा मास्क प्रयोग गर्ने, तापमान मापन गर्ने, स्यानिटाइजर र ग्लोब्सहरुको प्रयोग गर्ने, विद्युतिय माध्यमबाट भुक्तानी गर्ने ।

नगद कारोवार गर्दा मुद्रा पैसाको लेनदेन कम हुने गरी गर्ने । एक ठाउँमा पाँचजना भन्दा बढी जम्मा नहुने व्यवस्था मिलाउने ।

(ञ) माथि जुनसुकै कुरा लेखिएको भए तापनि अर्को आदेश वा सूचना जारी नभएसम्म देहायका स्थानरस्थलहरु बन्द रहनेछन् र देहायका क्रियाकलापहरु सञ्चालन गर्न पाइने छैन -

१. विश्वविद्यालय, क्याम्पस, विद्यालय लगायतका सबै प्रकारका शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरु ।

२. गैर खाद्य वस्तु विक्री गर्ने व्यावसायिक मल, सिनेमा हल, पार्टी प्यालेस, फनपार्क लगायतका सार्वजनिक स्थलहरु ।

३. सार्वजनिक जमघट, धार्मिक स्थलहरु (मन्दिर, गुम्बा, मस्जिद, चर्च, गुरुद्वारा आदि) मा हुने भेला एवं धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु ।

४. रंगशाला, खेलकुद स्थल, फुटसल, शारीरिक व्यायाम फिटनेस सेन्टर, सैलुन, व्युटीपार्लहरु ।

५. होटल, वार, रेस्टुरेन्टहरु ।

६. स्थानीय प्रशासनबाट सवारी पास पाएका बाहेक सबै प्रकारका यात्रुबाहक सवारी साधनहरु ।

७. १२ वर्ष मुनिका बालबालिका, अशक्त भएका व्यक्ति, विरामी, ७० वर्ष पुरा भएका ज्येष्ठ नागरिक र गर्भवती महिलाहरुको आवतजावत तथा हिडडुलका गतिविधिहरु ।

८. आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यावसायिक यात्रुवाहक हवाई उडान ।

९. केवलकार सेवा र रेलवे सेवा ।

(ट) नेपाल राज्यकै कुनै भू-भागमा संक्रमण जोखिम देखिएमा वा समुदायस्तरमा उक्त संक्रमण विस्तार भएको पाइएमा उक्त क्षेत्र वा जिल्लाभर माथि उल्लिखित क्रियाकलापहरु निश्चित अवधिसम्मका लागि स्थानीय प्रशासनले तत्कालै सञ्चालनमा रोक लगाउन सक्नेछ ।